आज मिति २०८१/०७/०५ गते सोमवारका दिन रुपनी गाउँपालिकाका अध्यक्ष श्री दिनेश कुमार यादव ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक तपसीलको उपस्थितिमा भयो ।

तपसील :

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिनेश कुमार यादव | अध्यक्ष | |
| २ | श्री पुष्पा कुमारी श्रेष्ठ | सदस्य | |
| ३ | श्री लिला यादव | सदस्य | |
| ४ | श्री सरोज कुमार यादव | सदस्य | |
| ५ | श्री अमर मुखिया मलाह | सदस्य | |
| ६ | श्री छेदी ईसर | सदस्य | |
| ७ | श्री गंगाराम यादव | सदस्य | |
| ८ | श्री वद्री नारायण सरदार | सदस्य | |
| ९ | श्री मुकेश कुमार कर्ण | सदस्य | |
| १० | श्री नविना खवास | सदस्य | |
| ११ | श्री अनार देवी पासमान | सदस्य | |
| १२ | श्री पुनम कुमारी रजक | सदस्य | पुनम |
| १३ | श्री रामकुमारी सदा | सदस्य | रामकुमारी |
| १४ | श्री पुनिता कुमारी मण्डल | सदस्य | पुनिता |
| १५ | श्री तारणी प्रसाद यादव | सचिव | |

**प्रस्ताव नं. १. स्तरबृदि सम्वन्धमा ।**

प्रस्ताव नं. १. माथि छलफल गर्दा मधेश प्रदेशबाट जारी भएको स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०८१ को दफा ४ उपदफा ६ बमोजिम कर्मचारी समायोजन ऐन २०७५ अनुसार साविक स्थानीय निकायको पदबाट स्थानीय तहको समान पदमा समायोजन भई यो ऐन जारी हुँदाका वखत ५ बर्ष भन्दा बढी सेवा अवधी पूरा भएका कर्मचारीहरुको एक तह स्तरबृदि हुने व्यवस्थानुसार स्तरबृदिका लागि यस कार्यालयमा कार्यरत नेपाल प्रशासन सेवा/सामान्य प्रशासन समुह/सहायक स्तर चौथो श्री राम औतार यादवले निवेदन पेश गरेकोमा तोकिए बमोजिमको योग्यता पूरा भएको देखिदा तोकिए बमोजिम जेष्ठता कायम हुने गरी सम्वन्धित सेवा समुहको सहायक स्तर पाँचौ तहमा स्तरबृदि गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २. तह मिलान सम्वन्धमा ।**

प्रस्ताव नं. २. माथि छलफल गर्दा मधेश प्रदेशबाट जारी भएको स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०८१ को दफा ८ उपदफा २२ बमोजिम संघीय लोकसेवा आयोगबाट २०७६ सालमा स्थानीय तहका लागि विज्ञापन भई सिफारिस भएका स्थानीय तहका अधिकृत स्तर छैठौ तहमा कार्यारत कर्मचारीहरुलाई नियुक्ती भएको मिति देखि लागू हुने गरी सातौ तहमा तह मिलान गरिने व्यवस्थानुसार तह मिलानका लागि यस कार्यालयमा कार्यारत अधिकृत स्तर छैठौ तहका कर्मचारीहरु कमशः नेपाल शिक्षा सेवा/शिक्षा प्रशासन समुह/शिक्षा अधिकृत श्री बेदराज अधिकारी (क.सं.न. २३८९७८) र नेपाल इन्जिनियरिङ्ग सेवा/सिभिल समुह/इन्जिनियर श्री सुनिल कुमार यादव (क.सं.न. २३७६५३) ले अधिकृत स्तर सातौ तह कायम गरी पाँउ भनी निवेदन पेश गरेको हुँदा निजहरुलाई अधिकृत स्तर छैठौ तहमा नियुक्ती भएको मिति देखि लागू हुने गरी सम्वन्धित सेवा समुहको अधिकृत स्तर सातौं तह कायम गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३. तह बृदि/स्तरबृदि सिफारिस समिति सम्वन्धमा ।**

प्रस्ताव नं. ३. माथि छलफल गर्दा मधेश प्रदेशबाट जारी भएको स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०८१ को दफा २९ उपदफा ५ बमोजिम तह बृदि/स्तरबृदि सिफारिस गर्ने प्रयोजनका लागि तपसिलको ३ सदस्यीय समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

संयोजक : श्री रघु नन्दन यादव प्रशासन शाखा प्रमुख

सदस्य : श्री राम कुमार भगत

सदस्य : श्री सुजन दाहाल